# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५७) काठमाडौं, असोज १५ गते २०६४ साल (अतिरिक्तांक ३९


## भाग २

नेपाल सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

व्यवस्थापिका-संसदले बनाएको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

व्यवस्थापिका-संसदले बनाएको २०६४ सालको ऐन नं. २४

### नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ऐन, २०४८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "नेपाल विज्ञान

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (दोस्रो संशोधन) ऐन, २०६४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ऐन, २०४८ को दफा ३ मा संशोधन : नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ऐन, २०४८ (यसपछि "मूल ऐन" भनिएको) को दफा ३ को उपदफा (२) मा रहेको "रोयल" भन्ने शब्द झिकिएको छ ।

३. मूल ऐनको परिच्छेद-३ को शीर्षकमा संशोधन : मूल ऐनको परिच्छेद-३ को शीर्षकमा रहेको "संरक्षक" भन्ने शब्द झिकिएको छ ।

४. मूल ऐनको दफा ९ मा संशोधन : मूल ऐनको दफा ९ को उपदफा (१) मा रहेका "विज्ञान तथा प्रविधि" भन्ने शब्दहरुको सट्टा "वातावरण, विज्ञान तथा प्रविधि" भन्ने शब्दहरु राखिएका छन् ।

५. मूल ऐनको दफा १० मा संशोधन : मूल ऐनको दफा १० को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) विज्ञान तथा प्रविधिको क्षेत्रमा उत्कृष्ट योगदान दिएका विद्वानहरु प्रज्ञा प्रतिष्ठानको प्राज्ञ हुन योग्य हुनेछन् । यसरी हुने प्राज्ञहरुको मनोनयनको लागि सिफारिस गर्न कुलपतिबाट सहकुलपतिको अध्यक्षतामा उपकुलपति र सभाका एकजना सदस्य रहेको एक समिति गठन हुनेछ ।"

(२) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(४) उपदफा (३) बमोजिम मनोनयन गर्दा प्रत्येक वर्षमा अधिकतम दुईजनाको दरले प्राज्ञहरु मनोनयन गरिनेछ।"

(३) उपदफा (४) पछि देहायको उपदफा (५) थपिएको छ :-

"(५) प्राज्ञ सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

६. मूल ऐनमा दफा १०क. थप : मूल ऐनको दफा १० पछि देहायको दफा १०क. थपिएको छ :-

"१०क. सहप्राज्ञहरु : (१) विज्ञान तथा प्रविधिको क्षेत्रमा उच्च अध्ययन वा अनुसन्धान गरेका प्रतिभावान वैज्ञानिक वा प्राविधिकहरु प्रज्ञा प्रतिष्ठानको सहप्राज्ञ हुन योग्य हुनेछन्। सहप्राज्ञहरुको मनोनयनको लागि सिफारिस गर्न कुलपतिबाट सहकुलपतिको अध्यक्षतामा उपकुलपति र सभाका एकजना सदस्य रहेको एक समिति गठन हुनेछ।

(२) उपदफा (१) बमोजिम गठित समितिले विज्ञान तथा प्रविधिको क्षेत्रमा उच्च अध्ययन वा अनुसन्धान गरेका तोकिए बमोजिम योग्यता पुगेका प्रतिभावान वैज्ञानिक वा प्राविधिकहरुमध्येबाट सहप्राज्ञमा मनोनयन गर्न कुलपति समक्ष सिफारिस गर्नेछ।

(३) उपदफा (२) बमोजिम सिफारिस भएका व्यक्तिहरुलाई कुलपतिले प्रज्ञा प्रतिष्ठानको सहप्राज्ञमा मनोनयन गर्नेछ।

(४) उपदफा (३) बमोजिम मनोनयन गर्दा यो दफा प्रारम्भ भएपछि पहिलो पटक पाँचजना र त्यसपछि प्रत्येक वर्षमा अधिकतम दुईजनाका दरले सहप्राज्ञहरु मनोनयन गरिनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) सहप्राज्ञ सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।"

७. मूल ऐनको दफा १२ मा संशोधन : मूल ऐनको दफा १२ को,-

(१) उपदफा (१) को,-

(क) खण्ड (ज) को सट्टा देहायको खण्ड (ज) राखिएको छ :-

"(ज) प्राज्ञहरुमध्येबाट समावेशीतालाई ध्यानमा राखी महिलाहरु समेतको उपयुक्त प्रतिनिधित्व हुने गरी कुलपतिबाट मनोनीत सत्ताइसजना - सदस्य

तर त्यसरी मनोनयन गर्दा सम्भव भएसम्म समावेशी सिद्धान्तलाई अनुसरण गरिनेछ ।"

(ख) खण्ड (ज) पछि देहायका खण्ड (ज१), (ज२), (ज३) र (ज४) थपिएका छन् :-

"(ज१) सहप्राज्ञहरुमध्येबाट कुलपतिबाट मनोनीत दुईजना - सदस्य

(ज२) सचिव, वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय - सदस्य

**(ज३) विज्ञान तथा प्रविधिको क्षेत्रमा काम गरेका नेपाल सरकारका कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृतहरुमध्येबाट कुलपतिबाट मनोनीत दुईजना - सदस्य**

**(ज४) औद्योगिक क्षेत्रका विज्ञान तथा प्रविधिसँग सम्बन्धित व्यक्तिहरुमध्येबाट कुलपतिबाट**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मनोनीत दुईजना - सदस्य"

(२) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ :-

"(३) उपदफा (२) को खण्ड (ङ), (च), (छ), (ज), (ज१), (ज३) र (ज४) बमोजिमका सदस्यहरुको मनोनयन तोकिए अनुसार उपकुलपतिको सिफारिसमा हुनेछ । निजहरुको पदावधि दुई वर्षको हुनेछ ।"

८. मूल ऐनको दफा २६ मा संशोधन : मूल ऐनको दफा २६ को सट्टा देहायको दफा २६ राखिएको छ :-

"२६. वार्षिक प्रतिवेदन : (१) उपकुलपतिले प्रज्ञा प्रतिष्ठानको काम कारबाही सम्बन्धी वार्षिक प्रतिवेदन तोकिएको अवधिभित्र सभा समक्ष पेश गर्नु पर्नेछ र सो प्रतिवेदनमाथि सभाले विचार गरी आवश्यक निर्देशन दिन सक्नेछ । यसरी प्राप्त निर्देशन बमोजिम प्रतिवेदनलाई अन्तिम रुप दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त विज्ञान र प्रविधिको क्षेत्रमा प्रज्ञा प्रतिष्ठानले गरेका मुख्य-मुख्य काम, विज्ञान र प्रविधिको क्षेत्रमा भएका उपलब्धी तथा त्यसको औद्योगिक वा व्यवहारिक प्रयोग, आम्दानी र खर्चको विवरण, अध्ययन, अनुसन्धान र प्रशासनिक प्रत्येक क्षेत्रमा भएको खर्चको विवरण उल्लेख हुनु पर्नेछ ।

(३) उपकुलपतिले उपदफा (१) बमोजिम सभाबाट विचार भई अन्तिम रुप दिइएको प्रतिवेदन प्रधानमन्त्री समक्ष पेश गर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) प्रधानमन्त्रीले उपदफा (३) बमोजिम पेश भएको प्रतिवेदन वातावरण, विज्ञान तथा प्रविधि मन्त्री मार्फत सार्वजनिक गराउने छ।"

९. मूल ऐनको दफा २८ मा संशोधन : मूल ऐनको दफा २८ मा रहेका "विज्ञान तथा प्रविधि मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

१०. रुपान्तर : मूल ऐनको ठाउँ-ठाउँमा रहेका "नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान" भन्ने शब्दहरुको सट्टा "नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान" भन्ने शब्दहरु राखी रुपान्तर गरिएको छ।

प्रमाणीकरण मिति: २०६४।६।१५

आज्ञाले,
डा. कुलरत्न भूर्तेल
नेपाल सरकारको सचिव

मुद्रण विभाग



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु ५।-